
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २२ गते आइतबार ❑ 5 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरामा मध्य रात १२ बजेसम्म व्यवसाय संचालन गर्न मुख्यमन्त्री अधिकारीको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पोखरामा मध्य रात १२ बजेसम्म व्यवसाय संचालन गर्न निर्देशन दिएका छन् ।



पोखरा पर्यटन वरिषदले शुक्रबार पोखरामा आयोजना गरेको मुख्यमन्त्री अधिकारीको स्वागत तथा सम्मान कार्यक्रममा सहभागी मुख्यमन्त्री अधिकारीले कार्यक्रम स्थलबाटै प्रहरीलाई फोन गरी पोखरामा मध्य रात १२ बजेसम्म व्यवसाय संचालन गर्ने वातावरण व्यवस्थापन गर्न निर्देशन दिएका हुन् । पोखराका पर्यटन व्यवसायीहरुले प्रहरीले लेकसाइड क्षेत्रमा बढी मापसे चेकिङ र चरणबद्ध रुपमा होटल तथा रेष्टुरेण्टहरुमा लाइट बाल्दै बन्द गराउने गरेको गुनासो गरेका थिए । कार्यक्रम स्थलबाटै मुख्यमन्त्री अधिकारीले वडा प्रहरी कार्यालय बैदामका प्रमुख एवं डिएसपी युवराज भण्डारीलाई सिधै फोन गरी पोखराका पर्यटन व्यवसायीहरुलाई रातीको समयमा दुःख नदिन निर्देशन आग्रह गरे । कामको शिलशिलामा हाल आफु काठमाडौं रहेको बताउदै डिएसपी भण्डारीले अबको केही दिनमा मुख्यमन्त्रीले भने जसरी वेलुका राती १२ बजेसम्म पसलहरु खुल्न दिने भएका छन् । दोहोरी तथा डान्स वारले गर्दा कहिलेकाहिँ रातीमा झैझगडा हुने भएको मुख्यमन्त्री अधिकारी समक्ष डिएसपी भण्डारीले फोनबाटै जानकारी गराए । मुख्यमन्त्री अधिकारीले हाल अर्थतन्त्र निकै कमजोर भएको अबस्थामा व्यवसाय संचालनमा सहजीकरण गर्न र राती १२ बजेसम्म भए पनि होटल तथा रेष्टुरेण्ट एवं व्यवसाय संचालन गर्न आग्रह । यदि कुनै घटनामा संलग्न भएकाहरुलाई कानून बमोजिम कार्वाही गर्न आग्रह गर्दै मुख्यमन्त्री अधिकारीले बिषेश व्यबस्था गरेर भए पनि अब पोखराको पर्यटन व्यवसायलाई सहज बनाउन सबै लाग्नु पर्नेमा जोड दिए । परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमम पोखराका विभिन्न पर्यटन संघ संस्थाका पदाधिकारीहरुले कोरोनाको कारण त्यसको प्रभाव अहिले परेकोले बैंक व्याच दोब्बर तेब्बरसम्म भएकोले व्याजदर घटाउन पहल गर्न आग्रह गरे । पोखराको पर्यटन प्रबर्द्धन गर्न प्रबर्द्धन गर्ने कार्यक्रम आवश्यक भएको परिषदका सचिव संजयकान्त सिग्देलले बताए । ट्रेकिङ एजेन्सी एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीले व्यवसायीक जीवनरक्षा कोषको रकम व्यवसायी, मजदुरहरुलाई उपलब्ध गराउन माग गरे । सडक बाटोले गर्दा पैदल मार्ग मासिदै जादा पैदलयात्रामा निस्कने पर्यटकलाई असर परेको उनले जनाए । फलामे भ्यू टावरको सट्टा पदमार्गमा बजेट विनियोजन गर्न अध्यक्ष पन्थीले आग्रह गरे । भिटोभ गण्डकीका अध्यक्ष उदय सुवेदीले होमस्टे संचालन र अनुमतिपत्र स्थानिय सरकारलाई नै दिदा उचित हुने बताउदै होमस्टेमा दिइने अनुदानको नियमन र अनुगमन हुनु पर्ने बताए । पोखराको पर्यटन प्रबर्द्धन गर्न प्रबर्द्धन गर्ने कार्यक्रम आवश्यक भएको परिषदका सचिव सन्जयकान्त सिग्देलले बताए।होटलसंघपोखराकाअध्यक्ष लक्ष्मण सुवेदीले पोखरामा करिब १ हजार २ सय हाराहारीमा होटल भएपनि अझै दर्ता र सरकारको नियमन भित्र नभएको बताए । बैंकको चर्को व्याजमा आफुहरु निकै ठुलो मारमा परेको परिषदका निवर्तमान अध्यक्ष गोपी बहादुर भट्टराईले बताए । परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पर्यटन व्यवसायी सूर्य बहादुर भुजेल, भरतराज पराजुली, पार्वती पाण्डे, परिषदका उपाध्यक्ष कृष्ण भण्डारी लगायतले पोखरामा तत्काल पर्यटन प्रबर्द्धन र प्रमोशन कार्यक्रम ल्याउनु पर्नेमा जोड दिए ।

## गण्डकीमा विनियोजन ऐन संशोधन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

गण्डकी प्रदेशसभाको शुक्रबारको बैठकमा 'विनियोजन ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक' प्रस्तुत भएको छ ।

प्रदेश सरकारका आर्थिक मामिलामन्त्री सीताकुमारी सुन्दासले सो विधेयकलाई सभासमक्ष प्रस्तुत गर्नुभएको हो । प्रदेश सरकारले चालु आवको विनियोजित बजेट रकमान्तर गरी खर्च गर्न विधेयक संशाधनको प्रक्रिया अगाडि बढाएको हो । बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत पुँजीगत खर्च वृद्धि गर्ने सरकारको लक्ष्य छ ।

विनियोजन ऐन संशोधन विधेयकमाथि आउँदो मङ्गलबार बस्ने प्रदेशसभा बैठकमा छलफल हुने जनाइएको छ । शुक्रबारको बैठकको शून्य र विशेष समयमा प्रदेशसभा सदस्यले विकास निर्माण र जनजीविकाका सवालमा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रदेशसभा सदस्य लिलबहादुर थापाले प्रदेशको स्वायत्त अधिकारलाई स्थापित गर्नुपर्ने बताउनुभयो । उहाँले समृद्ध गण्डकीको लक्ष्य पूरा गर्न साझा योजना र सङ्कल्प चाहिने उल्लेख गर्नुभयो । अर्का सदस्य पद्मा जिसीले नवलपुरका किसानले मल, बीउ र सिँचाइ सुविधा नपाएकोबारे सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले पछिल्लो समय बढ्दो मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि विशेष योजना ल्याउनुपर्ने बताउनुभयो । प्रदेशसभा सदस्य सुधीरकुमार पौडेलले स्याङ्जाका किसानले चिस्यान केन्द्रमा राखेको दुई सय ९३ टन सुन्तला कुहिएकाले उचित क्षतिपूर्ति दिइनुपर्ने माग राख्नुभयो । प्रदेशसभा सदस्य प्रकाश बरालले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानका लागि प्रदेश सरकारले पहल लिनुपर्ने उल्लेख गर्नुभयो । अर्का सदस्य हरिबहादुर भण्डारीले पटकपटक म्याद थप हुँदा पनि म्याग्दी जिल्ला अस्पताल भवन निर्माण हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षणगराउनुभयो।प्रदेशसभा सदस्य विन्दु अधिकारी पहाडीले एकल महिलालाई आत्मनिर्भर बनाउन सीप र प्रविधि दिनुपर्ने बताउनुभयो । प्रदेशसभा सदस्य डिल्लीरामसुवेदीलेप्रदेशसंरचनाको औचित्यमाथि उठिरहेको प्रश्नको भरोसायोग्य जवाफ दिनुपर्ने धारणा राख्नुभयो । उहाँले प्रदेशसभाको पहिलो कार्यकालमा भएका कामकारबाहीबारे स्वेतपत्र जारी गर्नुपर्ने बताउनुभयो ।

बैठकमा प्रदेशसभा सदस्य फणीन्द्र देवकोटा, टकराज गुरुङ, श्यामराजा महत, सरस्वती गुरुङ, लक्ष्मण पाण्डे, महेश भट्टराई, भोजराज अर्याल, भक्त कुँवर, दिलमाया पौवी, दयमन्ती रुचाल, गोविन्दबहादुर नेपाली, कृष्णप्रसाद पाठकलगायतले बोल्नुभएको थियो ।

## स्थानीय उत्पादनलाई प्राथमिकता : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले आत्मनिर्भरका लागि स्थानीय उत्पादनलाई प्राथकिमता दिनुपर्ने बताउनुभएको छ ।

लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ नेपालको बागलुङमा आज


**बाँकी अन्तिम पृष्ठमा ▶▶**




## आउँदो फागुन ४ गतेदेखि काहुँ धरहरा पर्यटन महोत्सव हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ माघ

पोखरा ११ मा रहेको पर्यटकीय क्षेत्र काहुँ डाँडामा यही फागुन ४ गतेदेखि काहूँ धरहरा पर्यटन महोत्सव हुने भएको छ ।

स्थानिय जनकल्याण क्लबको आयोजनामा फागुन १४ गतेसम्म संचालन हुने उक्त महोतसवको तयारी अन्तिम चरणमा पुगेको महोत्सव स्थल काहुँ डाँडामा शनिबार आयोजना भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

पोखराको मुख्य बजार देखि करिब ६ किलोमिटरको दुरीमा रहेको काहुँडाँडामा चौथो काहुँ धरहरा पर्यटन महोत्वसव हुन लागेको क्लवका सचिव राजेन्द्र प्रसाद आचार्यले बताए । काँहु धरहरा महोत्सवले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने आयोजकको विश्वास लिएको छ ।

क्लवका अध्यक्ष देव बहादुर गुरुङले काहूँको प्रचार प्रसारका लागि महोत्सव आयोजना गर्न लागिएको बताए। काहुँ धरहरालाई पोखराको दृष्यावलोकनको गन्तब्य स्थानको रुपमा विकास गर्ने उदेश्य रहेको उनले बताए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ब्यापक प्रसार गरि काहुँ क्षेत्रमा आर्थिक क्रियाकलाप वृद्धिले जनस्थरको आर्थिक विकासमा सहयोग पुग्ने अध्यक्ष गुरुङले जनाए ।

यस पहिले क्लवले २०६२, २०६५ र २०७५ सालमा गरि तिन वटा महोत्सव सम्पन्न गरिसकेको छ भने यो चौंथो महोत्सव रहेको साथै महोत्सव अवधिभर पचास हजार भन्दा बढी दर्शकले महोत्सवको अवलोकन गर्ने आयोजकले अपेक्षा गरेको छ ।

निर्माण तथा पर्यटकीय गतिविधि अगाडी बढाउन महोत्सव सहयोगी बन्ने भन्दै यस महोत्सवका सचिवालय समिति सह-संयोजक जङ्ग बहादुर हमाल ठकुरी ले बताए ।

## गन्तव्य राष्ट्को सूचीमा नेपाललाई समावेश गर्न चीनसँग आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

चीनले यही माघ ६ गते आफ्ना नागरिकका लागि सार्वजनिक गरेको गन्तव्य राष्ट्रको सूचीमा नेपाललाई पनि समावेश गर्न आग्रह गर्दै होटल संघ पोखरा नेपालले काठमाडौं स्थित चिनिया राजदूतावासलाई एक आग्रह पत्र बुझाएको छ ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले नेपालका लागि चिनिया राजदूत छन सोङलाई लेखेको पत्रमा कोभिड १९ केही मत्थर हुँदै गर्दा चीनले गन्तव्य मुलुकको सूची सार्वजनिक गर्नुलाई सकारात्मक रुपमा लिइएको उल्लेख गरिएको छ । सन् २०२३ मा चिनिया पर्यटकलाई स्वागत गर्न नेपाली पर्यटन व्यवसायी तयार र आसावादी भएकै वखत चीनका तर्फबाट सार्वजनिक भएको २० गन्तव्य मुलुकको सूचीमा नेपाल नपर्दा संघ निरास भएको जनाइएको छ ।


कोभिडसँगै भ्रमण स्थगनको करिव तीन बर्षको अन्तरालपछि चीनले सार्वजनिक गरेको सूची अनुसारको व्यवस्था आगामी सोमबारबाट लागू हुँदै छ । दुतावासलाई लेखिएको पत्रमा सार्वजनिक गरिएको देशहरुको सूचीलाई पुनःविचार गरी नेपाललाई पनि त्यसमा समावेश गर्न आग्रह गरिएको छ । उक्त सूचीमा नेपाललाई समेट्न सकिए कोभिड १९ बाट थला परेको नेपाली पर्यटनलाई पुनरुत्थान गर्न र दुई देश विचको सदिऔं पुरानो सम्बन्ध थप प्रगाढ बन्न मद्दत पुग्ने विश्वास व्यक्त गरिएको छ। घुम्नका लागि नेपाल प्राकृतिक रुपमा सुन्दर र सांस्कृतिक तथा ऐतिहासिक रुपमा धनी रहेको स्मरण गराउँदै यहाँको हावापानी पनि चिनिया पर्यटकको लागि उपयुक्त रहेको पत्रमा बताइएको छ । चिनिया पर्यटक विगतमा नेपाल आउँदा पोखराको प्याग्लाइडिङ निकै मन पराउने गरेको र पदयात्रा र हिमाल आरोहण जस्ता गतिविधिमा पनि उनीहरु सरिक हुने गरेको उल्लेख पनि गरिएको छ । पोखरामा चिनिया पर्यटकका लागि आबश्यक पर्ने सबै प्रकारका पर्यटकीय सुविधा उपलब्ध रहेको र चाइना सीएएमसी इञ्जिनियरिङ कम्पनीले चीनकै एक्जिम बैंकको सहुलियतपूर्ण ऋण सहायतामा निर्माण गरेको पोखरा अन्तर र्राष्ट्रिय विमानस्थल समेत यही माघ एक गते उद्घाटन गरिएको विषय पनि स्मरण गराइएको छ ।

## राष्ट्रियसभाको उपाध्यक्षका लागि आइतबार मनोनयन

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ माघ**

राष्ट्रियसभाको उपाध्यक्षका लागि आइतबार मनोनयन दर्ता हुनेभएको छ । संघीय संसद् सचिवालयले यसका लागि आइतबार अपराह्न १ बजेदेखि ४ बजेसम्मका लागि प्रस्ताव दर्ता गर्ने समय निर्धारण गरेको छ ।

संघीय संसद्को ल्होत्से हलमा प्रस्ताव दर्ताका लागि स्थान तोकिएको संघीय संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले जानकारी दिनुभयो । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले यही माघ २३ गते सोमबार दिउँसो १२ बजे उपाध्यक्षको चयनका लागि मिति निर्धारण गर्नुभएको थियो ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# माओवादीको मध्यमार्गी निर्णय

नेकपा (माओवादी केन्द्र) ले राष्ट्रपतिका लागि सकेसम्म राष्ट्रिय सहमति खोज्ने र राष्ट्रिय सहमति हुन नसके विचार मिल्नेसँग सहकार्य गर्ने भएको छ। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बसेको पार्टीको स्थायी समिति बैठकमा भएका छलफलले सहमतिलाई जोड दिएको छ। राष्ट्रपतिको लागि सकेसम्म सहमतिको प्रयत्न गर्ने निष्कर्ष सरकारको नेतृत्व गरेको दलको हैसियतमा स्वभाविक हो। संविधानको संरक्षक र देशको अभिभावक राष्ट्रपतिमा सहमति खोज्ने प्रयासलाई गठबन्धन भत्काउने अर्थमा बुझ्नु हुँदैन।

कार्यकारी राष्ट्रपति नभएको हुँदा सबैको साझा बनाउन खोज्ने भनाइलाई तत्काल गठबन्धन भत्केर अर्को बन्छ भनेर प्रचार गर्नु अस्थिरता ल्याउने खेल हो। राष्ट्रिय दृष्टिकोण लिएर चल्ने अवस्थामा अहिलेका ठूला दलहरू देखिएका छैनन्। सुन्दा प्रिय लाग्ने तर व्यवहारमा आउन नसकेको सहमतिको नारा सबैसंग नजिक रहन सकिने सुत्र हो।सरकारको नेतृत्व गरेको र प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेससंग सम्बन्ध राम्रो बनाउने तत्कालको नारा राष्ट्रिय सहमति हो। सहमति हुन नसके विचार, दृष्टिकोण, उद्देश्य लक्ष्य मिल्नेसँग मिलेर अघि बढ्ने विकल्प पुस १० गते भएको सहमतिअनुसार कै सेरोफेरोमा छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सबैले समर्थन गरी विश्वासको मत दिएकाले सबै पार्टीसँग छलफलका लागि माओवादी केन्द्र खुला रहेको छ। राष्ट्रिय सहमतिको आधारमा राष्ट्रपति उमेदवार बनाउन सत्ताधारी र सत्तामा जान तयार भएको काङ्ग्रेस तयार हुने सम्भावना न्यून छाएमाले वा काङ्ग्रेस जो गठबन्धनको आधारमा उमेदवार बनेपनि सबैले स्वीकार्ने अवस्था कमजोर छानेपाली उखान भुँईको टिप्न खोज्दा पोल्टाको पोखिन सक्छ। माओवादीले अहिलेको गठबन्धनलाई छोडेर फेरि अर्को बनाउन खोज्दा अस्थिर र जो संग, जहिले पनि मिल्ने सिद्धान्त बन्न सक्छ। अविश्वसनीय राजनीतिज्ञ नबन्न पनि प्रधानमन्त्री प्रचण्डले सहमति तोडेर होइन कार्यान्वयन गरेर जानुमा श्रेयस्कर छ।

सत्ता साझेदार दल नेकपा (एमाले)लाई चिढ्याउन आफूहरुले नचाहेको भन्दै सबै मिलेर अघि बढ्नका लागि प्रयत्न गरेको माओवादी नेताहरूको भनाइले सहमति पालना हुन्छ भन्ने ठाउँ छ। ''सहमति हुन सकेन भने जोसँग विचार, दृष्टिकोण, उद्देश्य लक्ष्य मिल्छ, उसैसँग मिलेर अघि बढ्छौँ। सबै पक्षसँग हामी खुला छौँ, प्रधानमन्त्रीलाई सबै दलले समर्थन गरेका छन्, सबै मिलेर जाऔँ भनेर अघि बढ्ने कुरा राम्रो हो।एमालेलाई बाहिर राखेर जाने भनेको होइन, सबैसँग मिलेर अघि बढौँ भन्ने हो भनाइलाई आफ्नो तरिकाले व्याख्या गर्नुको तुक छैन।

राष्ट्रपति चुनावअघि नै प्रचण्डलाई कांग्रेसको गठबन्धनमा ल्याउने प्रयास भइरहेका छन्। एमालेलाई राष्ट्रपति कुनै हालतमा नदिन प्रचण्डमाथि माओवादी पार्टीभित्र र भूराजनीतिक शक्तिहरुबाट तीव्र दबाब छ। रवि लामिछानेलाई चिढ्याउँदै गठबन्धनबाट लखेट्ने, राप्रपाका मन्त्रीहरुलाई 'ह्युमिलियट' गर्ने चरण हुँदै राष्ट्रपतिमा एमालेलाई धोखा दिएर पूरानो गठबन्धनमा ल्याउन काङ्ग्रेस पुरै लागेको छ। माओवादीका वर्षमान पुनलगायतका नेताहरूले भने अहिले नै सत्ता साझेदी तोड्दा प्रचण्ड स्वयं र माओवादी पार्टीको विश्वसनीयता समाप्त हुने र आगामी चुनावसम्म पुग्दा माओवादीको अस्तित्व नै जोगाउन नसकिने भन्दै तत्काल कुनै निर्णय नगर्न भनिरहेका हुँदा माओवादीले मध्यमार्गी निर्णय लिएको बुझ्न सकिन्छ।

# ज्येष्ठ नागरिकलाई गाउँमै सुरक्षाभत्ता

पोखरापत्र संवाददाता
बागलुङ, २१ माघ

केही समय अगाडिसम्म निसीखोला गाउँपालिकाका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकले बैंकमै पुगेर सामाजिक सुरक्षा भत्ता बुझ्नुपर्ने बाध्यता थियो। तर अहिले गाउँपालिकाले उनीहरूका लागि वडामै पुगेर भत्ता वितरण गर्न थालेको छ।

गाउँमै सामाजिक सुरक्षा भत्ता पाउन थालेपछि ज्येष्ठ नागरिक खुसी भएका छन्। निसीखोला गाउँपालिकाले सात वटै वडामा पुगेर भत्ता वितरण गर्न थालेको छ। यसभन्दा अगाडि ज्येष्ठ नागरिक तथा शारीरिक अशक्त नागरिकले प्रभु बैंक निसीखोला शाखाको भिवाखोलामा पुगेर भत्ता बुझ्नुपर्थ्यो। नागरिकको सहजताका लागि गाउँमै पुगेर भत्ता वितरण सुरु गरेको निसीखोला गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "पहिले सबैलाई बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएका थियौँ, तर पछि उहाँहरूलाई निकै समस्या हुने भएपछि गाउँपालिका र बैंकका कर्मचारी गाउँ-गाउँमा खटाएर वितरण गर्न थालेका छौँ।" अहिले वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता बाँड्न सुरुगरेपछि आफूहरूलाई सहज भएको स्थानीयवासी ८२ वर्षीया कलीकुमारी विकले बताउनुभयो। उहाँले पहिले बैंकमै पुग्दा धेरै समय खर्चनु परेको भन्दै अहिले वडामै भत्ता पाइने बताउनुहुन्छ।"बुढाबुढी भइयो, त्यही पाउने भत्ता लिन पनि अरुको सहारा चाहिन्छ, मलाई बैंकसम्म पुऱ्याइ देउन भन्नपर्थ्यो अहिले वडाबाट दिन थालेपछि आफै विस्तारै-विस्तारै गएर ल्याउँछु" विकले भन्नुभयो- "सरकारले सुविधा दियो, अझ पहिले त बुर्तिबाङ पनि पुग्न पर्थ्यो, त्यति बेला त बाटो खर्चमै सकिन्थ्यो बुझेको भत्ता।"

# 'विपन्नको सहारा बन्दै उत्थान केन्द्र'

पोखरापत्र संवाददाता
स्याङ्जा, २१ माघ



अहिले कतिपय संघसंस्था सामाजिक उत्तदायीत्व भन्दा पनि कमाउने धन्दामा केन्द्रित छन्।

नाम सामाजिक तर काम कमाउने तर्फ अग्रसरता देखिने हुँदा सामाजिक संघसंस्थाप्रति नागरिकको बितृष्णा बढ्दै जान थालेको छ। संघसंस्था, युवा क्लब, विभिन्न समुह दर्ता गरी बार्षिक प्रतिवेदन समेत नगरेर नक्कली अडिट देखाउदै नविकरण गरेका घट्नाहरु प्रशस्त देखिन्छन्। तर आफ्नै समुदायको उत्थानका लागि स्थापना गरेको दलित उत्थान केन्द्र अर्जुनचौपारी गाउँपालिकाले छोटो समयमा उदारणिय कार्य गरेको छ। छोटो समयमा सहयोग जुटाउदै गाँउपालिका भित्र रहेका दलित समुदायमा पनि अति विपन्न परिवारलाई उत्थान केन्द्र सहारा बनेको छ।

केन्द्रले शुक्रवार ७० बर्षिय एकल महिलालाई घर र शौचालय निर्माण गरी हस्तान्तरण गरेको छ। अर्जुनचौपारी गाँउपालिका ४ स्थित अर्केको घरमा बस्दै आएकी सहारा बिहिन एकल महिला पुर्णकुमारी बि.क. लाई घर, शौचालय सहित बिजुली पानीको व्यवस्था सहित चापी हस्तान्तरण गरेको हो। गाँउपालिकाका प्रमुख प्रकाश तिवारी, उपप्रमुख सपना गुरुङ, वडा अध्यक्ष भुवन सिं गुरुङको उपस्थितिमा घरको चापी हस्तान्तरण गरिएको दलित उत्थान केन्द्र गाँउपालिकाका अध्यक्ष दिपक बि.क.ले जानकारी दिए। पुर्णकुमारीको छोरा भएपनि बेपत्ता रहेका छन्। पुरानो घर मर्मत गर्न नसकेर भत्किएपछि अर्केको घरमा सहारा लिएर बसेकी पुर्णकुमारीलाई केन्द्रको सहयोगमा घर निर्माण गरी उनलाई सारिएको विकले बताए। सोही दिन बिजुली बत्ती जोड्न नसकेर अध्यारोमा बसेकी सुनार टोलकी ६७ बर्षिय एकल महिला बिष्णुमाया सुनारालाई बत्तीको व्यवस्थापन गरिएको उत्थान केन्द्रले जनाएको छ। घर र बिजुली बत्ती पाएपछि निकै खुशी देखिएका दुई एकल महिलाले यो समाजमा पनि अनुदार मान्छे रहेछन् भन्दै खुशी व्यक्त गरे।

सहारा, भरोसा नभएका, अभिभावक गुमाएका बालवालिकालाई गाँसबास र शिक्षा प्रदान गर्ने उदेश्य राखेर स्थापना गरेको उत्थान केन्द्रले गरेको यो कार्य भने दोस्रो हो। यसभन्दा अगाडी केन्द्रले गाँउपालिकाभित्र न्यानो कपडा वितरण गरेको थियो। हामी अति विपन्न र अभिभावक गुमाएका बालवालिकाको तथ्याङ्क संकलन गर्ने अभियानमा छौं अध्यक्ष विकले भने,'सहारा विहिनलाई यो संस्था सहारा बन्ने प्रयत्नरत छौं।' स्थानीय, प्रदेश र संघिय सरकार सगै विभिन्न सामाजिक अभियान्ताहरु सगँको सहयोग र सहकार्यमा यस्ता नागरिकको उत्थानमा जुट्ने हाम्रो प्रयास हो उनले भने।

उत्थान केन्द्रले हस्तान्तरण गरेको कार्यक्रममा पुगेका पालिका अध्यक्ष प्रकाश तिवारीले दलित उत्थान केन्द्रले गरेको कामको उच्च मुल्यांकन हुने बताए। पालिकाले गरिब तथा बिपन्न वर्ग उत्थानको लागि जनप्रतिनिधिको सेवासुविधा कटौती गरी कल्याणकारी कोष निर्माण गरेको बताए। यो कोषले यस्ता दिनदुखी, सहारा विहिन र अभिभावक गुमाएका बालवालिकाको शिक्षा, स्वास्थ्यमा काम गर्ने अध्यक्ष तिवारीले बताए। उत्थान केन्द्र सगँ सहकार्य गर्दै पालिका र कल्याकारी कोषले नागरिकको विपद्मा जोडबलका साथ काम गर्ने प्रतिवद्धता तिवारीले व्यक्त गरे।

दलित उत्थान केन्द्रले अहिले सम्म संकलन गरेको रकम र सहयोगदाताको बिषयमा सार्वजनिक गरेको सचिव कुमार सुनारले जानकारी दिए।

# 'स्लेट' खानीलाई वैधानिक बनाउन अध्ययन

पोखरापत्र संवाददाता
म्याग्दी, २१ माघ

म्याग्दीमा रहेका 'स्लेट' ढुङ्गा खानीलाई वैधानिक बनाउन अध्ययन थालिएको छ। मालिका गाउँपालिकाको १, २ र ३ नं वडामा रहेका ढुङ्गाखानीलाई कानुन र करको दायरामा ल्याउन गण्डकी प्रदेश सरकारले पहल थालेको हो।

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशमबहादुर जुग्जाली (सुविन)ले स्लेटखानीलाई वैधानिक बनाउन डिभिजन वन कार्यालय म्याग्दीमार्फत अध्ययन थालिएको जानकारी दिनुभयो। 'घर तथा भवनमा प्रयोग हुने टायलको विकल्पमा म्याग्दीका खानीको स्लेटलाई प्रयोग गर्दा टायलका लागि बाहिरिने पुँजी रोकिने भएकाले वैधता दिलाउन अध्ययन थालिएको छ', उहाँले भन्नुभयो 'स्थानीयले रोजगारी पाउने र राज्यको आयस्रोत बढाउन सकिन्छ।'

वर्षौंदेखि अव्यवस्थितरूपमा सञ्चालन हुँदै आएको ढुङ्गाखानीलाई वैधता दिन अध्ययनसँगै स्थानीय तह र सङ्घीय सरकारका निकायसँग छलफल अघि बढाएको मन्त्री जुग्जालीले बताउनुभयो। करिब तीन सय जना आश्रित ढुङ्गा खानीले वैधता नपाउँदा उत्खनन भएको स्लेट निकासीमा समस्या र राज्यको आम्दानी गुमेको छ। मजदुरले लाभ लिने, व्यापारीलाई सास्ती र झन्झट नहुने, सरकारलाई आम्दानी हुने तथा वातावरणीय असर कम हुने गरी खानी सञ्चालनको अवधारणा अघि सारिएको छ।

तीनवटा वडाको भूगोलमा ११ वटा स्लेट खानी छन्। त्यहाँको खानीको ढुङ्गा घर, भवन छाउन, भुइँमा बिछ्याउन प्रयोग हुन्छ। पातलो, हलुका, आकर्षक देखिने र टायलभन्दा सस्तो पर्ने भएकाले देशका विभिन्न ठाउँबाट रुमको स्लेटका माग आउने गर्छ। खानीले वैधानिकता नपाउँदा स्लेट स्थानीय उपभोगमा मात्र सीमित भएको मालिका-२ का वडाध्यक्ष उदय बुढाथोकीले बताउनुभयो।

'मालिकाको खानीको ढुङ्गाबाट छिमेकी ताराखोला गाउँपालिकाले करोडौँ राजस्व उठाएको तर म्याग्दीको बाटो भएर पोखरा-काठमाडौँ लैजाँदा लाखौँ खर्चनुपर्ने र दुःख पाउने अवस्था छ', उहाँले भन्नुभयो, 'व्यावसायिक, व्यवस्थित र वैधानिकरूपमा खानी सञ्चालन गर्न सङ्घीय, प्रदेश सरकारसँग समन्वय गरेका छौँ।'

डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख मनोज रानाभाटले स्थलगतरूपमा खानीको निरीक्षण गरिएको बताउनुभयो। समस्या पहिचान गरी खानीलाई व्यवस्थित र वैधानिक बनाउन कानुनी, प्रक्रियागत र वातावरणीय हिसाबले अध्ययन भइरहेको उहाँले बताउनुभयो।

# गण्डकी प्रदेशस्तरीय भलिबलको उपाधि फलेवास नगरलाई

पोखरापत्र संवाददाता
पर्वत, २१ माघ

सातौँ पर्वत महोत्सवअन्तर्गत गण्डकी प्रदेशका स्थानीय तहस्तरमा आयोजना गरिएको भलिबल प्रतियोगिताको उपाधि पर्वतको फलेवास नगरपालिकाले हात पारेको छ।

शनिबार भएको फाइनल खेलमा पर्वतकै महाशिला गाउँपालिकाविरुद्ध पाँचमध्येका तीन सेटमा जित निकाल्दै फलेवास नगरपालिकाले उपाधि हात पारेको हो। सेमिफाइनल खेलमा बागलुङको गलकोट नगरपालिकालाई पाखा लगाउँदै फलेवास फाइनलमा आइपुगेको हो भने महाशिलाले पर्वतकै मोदी गाउँपालिकालाई पराजित गर्दै फाइनल यात्रा तय गरको थियो। निकै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो सेटमा फलेवासले २५-१९ को अन्तरमा जित हात पारेको थियो। दोस्रो सेटमा भने महाशिला लयमा फर्कँदै २७-२५ को अन्तरमा फलेवासलाई पराजित गर्न सफल भयो। खेलको तेस्रो सेट पनि महाशिलाकै पक्षमा रह्यो। तेस्रो सेटमा महाशिलाले २७-२५ को अन्तरमा फलेवासलाई पराजित गर्न सफल भयो। चौथो सेटमा भने अघिल्ला दुई सेटको नतिजा उल्ट्याउँदै फलेवासले महाशिलालाई पराजित गऱ्यो।

फलेवासले २७-२५ को अन्तरमा महाशिलालाई पराजित गर्न सक्यो। दुवै समूहको दुई-दुई सेटको बराबरी कायम रहेको अवस्थामा पाँचौँ तथा अन्तिम सेट १५ अङ्क रहेको थियो। जसमा फलेवासले महाशिलालाई १५-१२ को अन्तरमा पराजित गरेको छ। खेलमा एउटा सहभागी हुने समूहले बढीमा दुई जनासम्म राष्ट्रिय खेलाडी समावेश गर्न पाउने नियम राखिएको थियो। यो नियमानुसार फलेवास नगरपालिकाले नेपाल पुलिस क्लबका दुई खेलाडी रविनचन्द ठकुरी र सफल विकलाई लिएर खेलेको थियो भने महाशिला गाउँपालिकाले सशस्त्र प्रहरीको एपिएफ क्लबका दुई खेलाडी विजय थापा र टेकराज अवस्थीलाई लिएको थियो। प्रतियोगितामा प्रथम भएको फलेवासले रु दुई लाख नगदसहित मेडल र प्रमाणपत्र पाएको छ। दोस्रो भएको महाशिलाले रु एक लाख नगदसहित मेडल र प्रमाणपत्र पाएको छ। सान्त्वना स्थानमा आउने दुई समूहलाई नगद रु ३०-३० हजारसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

# 'गौ संरक्षण नै हिन्दुत्वको जर्गेना'

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २१ माघ

गौ माता अथवा गाई संरक्षण नहुँदा हिन्दुत्व हराउन थालेको महशुस एक कार्यक्रममा गरिएको छ।

हिन्दुहरुको शक्तिको रुपमा रहेको गौ मातालाई जोगाउन र संरक्षण गर्न नसक्दा हिन्दुत्व नै हराउन सक्ने बिषयमा अन्तरक्रिया गरिएको हो। स्याङ्जाको भीरकोट ८ मा विश्व हिन्दू युवा संघ स्याङ्जाले आयोजना गरेको गौ संरक्षण एवम गौ को महत्व विषयक अन्तरक्रिया कार्यक्रमा बोल्ने वक्ताहरुले गाईलाई अपहेलना गर्न नहुनेमा जोड दिइएको छ।

हिन्दु परम्परामा गाईलाई लक्ष्मीको अवतारका रुपमा पुजाआजा गरिने प्रचलन रहदै आएपनि पछिल्लो समय गाईको महत्व हराउदै जानु दुखद भएको वक्ताहरुले औंल्याएका थिए। गाई धार्मिक रुपमा मात्र नभई गाईको धेरै बिषयमा उपयोगिता रहेको भीरकोट नगरपालिकाका निर्वतमान मेयर छायाराम खनालले बताए। गाईको मुत्रले धेरै रोगको निवारण गर्ने र यसको दूधको धेरै नै महत्व रहेको खलको भनाई थियो। गाईको संरक्षण गर्दै हिन्दुत्वको जर्गेना गर्ने बेला आएको निर्वतमान मेयर खनालले भने,'गौसला बनाएर होइन एक घर–एक गाई अवधारणा अगाडी ल्याउनुपर्छ।' घर–घरमा गाईको संरक्षण हुन नसके हिन्तुत्व हराउने छ उनले भने। गौ संरक्षणका लागि गौसला पनि आवश्यकता रहेको औंल्याउदै खनालले भने,'गाईको महत्व, यसको उपयोगिता र यससगँ जोडिएको संस्कृतिलाई देशभर फैलाउनु आवश्यक छ।' यो बिषयमा नजिकको सरकार स्थानीय पालिकाले अभियानकै रुपमा अगाडी सानुपर्छ उनले भने।

ग्रमिण क्षेत्र रित्तिदै जाने र शहरीया बस्ती बढ्दै जादा गाईको अस्तित्व संकटमा परेको बताइएको छ। अहिले जतातत्तै गाई छाडा छाड्ने परम्परा नै बसिसकेको भीरकोट नगरका उपप्रमुख भगवती रेग्मी अर्यालले बताइन्। गाईको दुध खानेबेला सम्म घरमा राख्ने अनि दुध दिन छाडेपछि गाई चौबाटोमा लगेर छाड्ने परम्पराको अन्त्य गर्न जरुरी रहेको उपप्रमुख अर्यालको भनाइ छ।

यस बिषयमा स्थानीय सरकार समेत रहेको भीरकोटले छिट्टै बिशेष कार्ययोजना बनाउने प्रतिवद्धता अर्यालले व्यक्त गरिन्। कार्यक्रममा विश्व हिन्दु युवा संघ स्याङ्जाका अध्यक्ष नवराज पौडेलले गाई संसारको माता रहेको र गाईको आयुर्वेदमा ३६ हजार सूत्र रहेपनि हामीले चिन्नु नसक्नु दुखद पक्ष रहेको बताए। गौशाला र संरक्षण गर्न विश्व हिन्दू युवा संघ सधैं लाग्ने बताउदै यसमा सबैले साथ दिनुपर्ने अध्यक्ष पौडेलले बताए। अब छिट्टै नै गौ संरक्षणका लागि आफूहरु जिल्लाव्यापी लाग्ने उनको धारणा थियो।

कार्यक्रममा नगर प्रवक्ता दीपेन्द्र केसी, वार्ड न -८ का वाड अध्यक्ष नन्द लाल खनाल, वालिङ -११ का वाड अध्यक्ष डण्डपानी पंगेनी लगायतले गौ संरक्षणलाई वडातहदेखी अगाडी बढाउन आवश्यक रहेको बताएका थिए। कार्यक्रमको स्वागत मन्तब्य जिल्ला प्रवक्ता हरी रेग्मीले राखेका थिए भने कार्यकमको सञ्चालन विश्व हिन्दु महासंघ भिरकोट उपाध्यक्ष विष्णु काफ्लेले गरेकी थिइन्।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | सम्मान मिल्नेछ |
| वृष | झमेला बढ्ने | वृश्चिक | अप्रत्यसित लाभ |
| मिथुन | कार्यमा सफलता | धनु | आर्थिक समस्या |
| ककर्ट | मन चञ्चल | मकर | मानसिक तनाव |
| सिंह | सहयोग मिल्नेछ | कुम्भ | शारीरिक झमेला |
| कन्या | सत्कार मिल्नेछ | मीन | ब्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सामूहिक खेतीमार्फत विपन्नको आय वृद्धिमा सहकारी

–मिला दरै

तनहुँ, २१ माघ (रासस)

व्यास नगरपालिका-१० दुम्सीस्थित शिशुवा भतेरी कृषि सहकारीले बाँझो जमिनको उपयोग गर्दै सामूहिक खेतीमार्फत विपन्न समुदायको आयस्तर बढाएको छ। मादी नदी किनार नजिकै शिशुवा भतेरीमा रहेको बाँझो जग्गामा सामूहिक खेती गरी आयआर्जनको वातावरण बनाएर उनीहरुको आर्थिक जीवनस्तर बढाउन सघाएको छ।

सहकारीले विसं २०७४ देखि भाडामा लिएको भतेरीको जग्गामा सामूहिक खेती सुरु गरेपछि विपन्न वर्गलाई खेतीका लागि अधियाँ गर्न जमिन खोज्नुपर्ने बाध्यता हटेको छ। सहकारीले भाडामा लिएको जग्गामा स्थानीयवासीले मौसमअनुसार धान, मकै, आलुलगायतका खेती गर्दै आएको सहकारीका सचिव श्रीकृष्ण आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार सहकारीले यहाँका अति सीमान्तकृत बोटे, अल्पसङ्ख्यक दरै, दलित तथा विपन्न वर्गको आयस्तर बढाउन सामूहिक खेती गरेका छन्। वडा कार्यालयले विपन्न वर्गको आयआर्जनसँग जोड्न र वृद्धि गराउने उद्देश्यले सार्वजनिक जग्गा १० वर्षको लागि निःशुल्करुपमा प्रयोग गर्न दिएपछि सामूहिक खेती थालिएको सहकारीका अध्यक्ष यज्ञप्रसाद शर्माले बताउनुभयो। उक्त जग्गामा पाँच वर्षदेखि विपन्न वर्गले मौसमअनुसारको खेती गरिरहेका छन्। वडा कार्यालयले उनीहरुको आयआर्जनका लागि रु ७० हजारमा जमिन सम्माएर खेत बनाइदिएको छ। एक लाख लगानीमा सहकारीले पाँच वर्षदेखि विभिन्न प्रकारका खेती गर्दै आएको शर्माले बताउनुभयो।

सहकारीले राम्रो कार्य गरेकाले गत वर्ष सामूहिक खेतीका लागि सहज बनाउन करिब रु १७ लाखको ट्र्याक्टर व्यास नगरपालिकाले सहयोग गरेको उहाँले जानकारी दिनुभयो। कृषि क्रान्ति गर्न सामूहिक खेती गरिएको र क्षेत्रफल विस्तार गर्दै लैजाने योजना सहकारीले बनाएको छ।

चरन क्षेत्रलाई जग्गा बनाएर स्थानीयउपभोक्तालाई उत्पादनसँग जोडी प्रयोगमा ल्याउने उद्देश्यले भेला राखेर सहकारीमार्फत खेती गरिएको निवर्तमान वडाध्यक्ष तुलसीराम सापकोटाले जानकारी दिनुभयो। "बाँझो जमिनमा खेती गर्नु जमिनको पहुँच नहुने कृषकको लागि फलदायक भएको छ", सापकोटाले भन्नुभयो, "सहकारीको सदस्य बनाउने र जसको जमिन छैन उसलाई समूह बनाएर जमिन उपभोग गरिएको छ, मेरो जग्गा छैन मैले काम गरी खान पनि पाइन भन्ने चिन्ता सहकारीले सामूहिक खेतीमार्फत हटाउन प्रतिबद्ध भएको छ।"

यहाँका विपन्न वर्गले उत्पादन गरेका खाद्य वस्तु स्थानीय बजारमा नै खपत हुने गरेको छ। सहकारीमा सम्बद्ध भएका कृषकले आफूलाई बढी हुने भएपछि बिक्रीका लागि पठाउने र उनीहरुको आयस्तरमा वृद्धि हुँदै आएको सहकारीले जनाएको छ।

**घाँस र परालको उपभोग गौ संरक्षण केन्द्रमा**

सहकारीमार्फत गरिएको सामूहिक खेतीबाट उत्पादित पराल र घाँस सोही ठाउँस्थित शिवालय गौ संरक्षण केन्द्रमा उपभोग हुँदै आएको छ। केन्द्रले गाईको मल तथा मूत्र खेतीमा उपयोग गर्न दिने र त्यसबाट उत्पादित घाँस र पराल गाईलाई उपलब्ध गराउने गरेको छ। "रासायनिक मल प्रयोग नगरी गौ संरक्षण केन्द्रमा रहेका गाईको मल र मूत्र प्रयोग गरिएकाले खेती राम्रोसँग फष्टाएको छ र रोग पनि लागेको छैन", अध्यक्ष शर्माले भन्नुभयो। निम्न आय भएका कृषकलाई सहकारीमा आबद्ध गराएर आयवृद्धि गर्न विभिन्न तरकारी, धान, माछा पोखरी सहकारीले निर्माण गरेको छ।

**माछाबाट वार्षिक रु दुई लाख आम्दानी**

सोही जग्गाभित्र सहकारीले कृषक समूहको आय वृद्धि गर्न नौ वटा माछा पोखरी निर्माण गरेको छ। "एक कृषक समूहलाई एक माछापोखरी पर्छ, उनीहरुले माछा पनि सामूहिक रुपमा नै पाल्छन्", सचिव आचार्यले भन्नुभयो, "पोखरीबाट उत्पादित माछा उनीहरुले नै खाने तथा बिक्री गर्दछन्।"

नौ वटा माछा पोखरीबाट वार्षिकरुपमा रु दुई लाखको माछा बिक्री गर्दै आएको सचिव आचार्यले बताउनुभयो। माछा स्थानीय बजारमा नै खपत हुन्छ। विपन्न समुदाय सहकारीमा आबद्ध भई सामूहिक खेती, गाईभैंसीको दूध बिक्री गर्ने गरेकाले मासिक रु १५ हजारदेखि रु ३० हजारसम्म आम्दानी गर्न थालेको उहाँले जानकारी दिनुभयो।

सहकारीमा एक सय १० जना आबद्ध छन्। सहकारीले आफ्नो जमिन नभएका विपन्नको लागि भने सामूहिक खेतीमा आबद्ध गराएको छ। विपन्न मात्रै नभई कृषिमा आधुनिक औजारको प्रयोग गरी लागत घटाउन गाउँका सबैलाई सामूहिक खेतीमा आबद्ध गराइने सहकारीले जनाएको छ। सहकारीका अनुसार विपन्न समुदायले धान, आलु र मकै खेती गर्दै आएका छन्। खेती गरेपछि तरकारी किनेर ल्याउन नपरेको र पशुपालनतर्फ कृषकको आकर्षण बढेको सहकारीले जनाएको छ। हाल सहकारीले लिएको जग्गामा कृषकले आलु खेती गरेका छन्।

# गहुँ सुक्न थालेपछि कृषक चिन्तित

पोखरापत्र संवाददाता

बागलुङ, २१ माघ

गत वर्ष यति बेला खेत बारीमा लगाइएका गहुँ जौंले बाला हाल्न सुरु गर्थे। समयमै वर्षा हुँदा कृषकले गहुँ उत्पादनमा घाटा ब्यहोर्नुपरेन। तर, यस वर्ष गहुँ लगाएपछि पानी नपर्दा किसान निरास बनेका छन्।

लामो समयदेखि खडेरीले पसाउन थालेको गहुँ सुक्न थालेपछि कृषक चिन्तित बनेका हुन्। त्यसै त जिल्लामा गहुँ उत्पादन कम हुन्छ। त्यसमाथि वर्षा नहुँदा सुक्न थालेपछि किसानलाई भोकमरीको चिन्ता बढेको छ। जिल्लाका अधिकांश क्षेत्रमा आकाशे पानीकै भरमा खेतीपाती गरिँदै आएको छ।

गहुँ लगाउँदादेखि नै रोकिएको वर्षा अहिलेसम्म नहुँदा गहुँ पसाउने बेलामा सुक्न थालेको गलकोट नगरपालिका-५ का इन्द्रबहादुर खत्रीले बताउनुभयो। उहाँले बारीको मकै स्याहारेर गहुँ छरेपछि रोकिएको वर्षा अहिलेसम्म नहुँदा बीउसमेत उत्पादन नहुने चिन्ता व्यक्त गर्नुभयो।

खत्रीले भन्नुहुन्छ, "यतिका महिना बितिसक्यो, पानी पर्दैन, बादल धामलधोमल गर्दा पानी आउँछकी भनेर आकाश तिर हेर्‍यो पानी पर्ने छाँटकाँट देखिएन, खेतबारीमा लगाएको गहुँ सुक्न थाले, आउँदो बर्खा के खाने होला, गहुँले फल देलाजस्तो छैन, बीउ पनि उत्पादन हुन्न भन्ने चिन्ता छ, बीउ बचेन भने त गाह्रो हुन्छ।" गलकोट, जैमिनी, बागलुङ, निसीखोला, बरेङ लगायतका ठाउँमा राम्रो गहुँ उत्पादन हुन्छ। ढोरपाटन, तमान र ताराखोलामा जौं उत्पादन हुँन्छ। जैमिनीका कृष्णप्रसाद शर्माले करिब आठ रोपनी खेत तथा बारीमा गहुँ लगाएको सुनाउँदै सिँचाइ गर्न नसक्दा सुक्दै गएको बताउनुभयो। शर्माले पाखोबारीमा बढी गहुँ लगाएको भन्दै पाइपबाट पानी लगाउन सम्भव नभएको सुनाउनुभयो। "खेतमा अलिअलि कुलोबाट पानी ल्याएर लगाइयो, पाखो बारीमा लगाएको गहुँ सुकेर मर्न थालिसक्यो, पोहोरपरार पानी पर्‍यो, बाली राम्रै हुन्थ्यो, यसपालि खै धेरै समय भयो पानी परेकै छैन", शर्माले भन्नुभयो, "पाटामा लगाएको गहुँमा पाइपबाट पानी लगाउँ भने सम्भव छैन, अब एक सातासम्म पानी नपरेर यस्तै घाम लागि रह्यो भने गहुँ सबै सुक्छ।"

बागलुङमा कूल सात हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती गरिन्छ। यस वर्ष समयमा पानी नपर्दा गहुँ उत्पादनमा गिरावट आउने कृषि ज्ञान केन्द्र बागलुङको आँकलन छ। केन्द्रका सूचना अधिकारी कुमार पुन सिँचाइ सुविधा भएका खेत र आकाशे पानीको भरमा खेती गरिने बारीमा पनि गहुँ खेती गर्दै आएको बताउनुहुन्छ। पुन भन्नुहुन्छ, "कृषकले गहुँ लगाएपछि लामो समय खडेरी पर्‍यो, सामान्यतया गहुँ लगाएको दुई/तीन हप्तामा राम्रो सिँचाइको आवश्यकता हुन्छ, तर यस वर्ष त्यो हुन सकेन, यसले गहुँ उत्पादनमा धेरै गिरावट आउने देखिएको छ।"

जिल्लामा गौतम, विजय, स्वर्गद्वारी र धौलागिरि जातको गहुँ लगाइन्छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङका अनुसार जिल्लामा ४६ हजार एकसय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा खेती हुँदै आएको छ। त्यसमध्ये छ हजार एक सय ४८ हेक्टर क्षेत्रफल जमिनमा सिँचाइ सहज छ। खेतीयोग्य जमिनको २० दशमलव १५ प्रतिशत जमिनमा सिँचाइको सुविधा छ। त्यसमध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर छ। पछिल्लो समय बसाइँसराइले खेतीयोग्य जमिनसमेत बाँझिदै गएका छन्।

# तनहुँ जलविद्युत् आयोजानाको सुरुङ बनेपछि निर्माणमा सहज

पोखरापत्र संवाददाता

तनहुँ, २१ माघ

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणधीन एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको सुरुङ बनेपछि निर्माणको काममा सहज भएको छ।

व्यास नगरपालिका-५ बेतेनीतर्फ उक्त प्रवेश सुरुङ (ब्रेक थ्रु) भएपछि सेती नदीको बायाँतर्फ गरिने निर्माण कार्यका लागि निर्माण सामग्री तथा उपकरण लैजान र मानिसलाई आवतजावतमा सहज भएको हो। बाँधसम्म जाने उक्त सुरुङलाई आयोजनाको निर्माण सम्पन्न भएपछि पनि स्थायीरूपमा प्रयोग गरिने आयोजना प्रमुख किरण श्रेष्ठले जानकारी दिनुभयो।

सेती नदीको बायाँ किनारतर्फबाट प्रस्तावित बाँधको माथिल्लो भागतर्फ जाने चार सय ३६ मिटर लम्बाइ भएको प्रवेश सुरुङ निर्माण सम्पन्न गरिएको हो। आयोजनाको पहिलो प्याकेजअन्तर्गत एक सय ४० मिटर अग्लो बाँधलगायतका संरचना सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल जेभीले निर्माण गरिरहेको छ। त्यसअन्तर्गत अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउन आवश्यक डाइभर्सन सुरुङ, बाँधको माथिल्लो भाग तथा स्लोप खन्ने कार्य, प्रवेश सडकको स्तरोन्नति लगायतका काम भइरहेको उहाँले बताउनुभयो। पाँच सय ३९ दशमलव आठ मिटर लम्बाइको डाइभर्सन सुरुङ-१ को ब्रेक थ्रु भइसकेको छ।

आयोजनाको सुरुङ, विद्युत् गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायतका दोस्रो प्याकेजको निर्माण सिनो हाइड्रोले गरिरहेको आयोजना प्रमुख श्रेष्ठले बताउनुभयो। आयोजनाको तेस्रो प्याकेजअन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण कार्य केइसीले गरिरहेको छ।

आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ। कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ। त्यसमा एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

# गाउँगाउँमा पक्की घरको लहर

पोखरापत्र संवाददाता

म्याग्दी, २१ माघ

ढुङ्गा र खरले छाएर रातोमाटो र सेतो कमेरोले पोतिएका चिटिक्कका घर। फराकिलो आँगन। केरासबारीमा थरीथरीका तरकारी। घर नजिकै अमिलो, अम्बा, कागती र सुन्तलाका बोट। गाउँको यो परम्परागत दृश्य हिजोआज हराउँदै गएको छ।

ग्रामीण क्षेत्रमा यातायातको पहुँच र रेमिट्यान्सबाट प्राप्त आम्दानीका कारण कङ्क्रिटका पक्की भवन निर्माण हुनेक्रम बढ्दै गएपछि परम्परागत ढुङ्गे घर पातलिँदै जान थालेका छन् भने खरले छाएका घर लोप भएका छन्। डेढ दशक अगाडिसम्म म्याग्दीका ग्रामीण क्षेत्रमा ढुङ्गा र खरले छाएर रातोमाटो र सेतो कमेरोले पोतिएका घर बाक्लै देखिन्थे। पर्यटकीय जिल्ला म्याग्दीमा विदेश र सहर बजारबाट जोहोकोही गाउँमा पुग्दा ती घरले मनै लोभ्याउने गर्थे।

रैथाने सीप र स्रोतको प्रयोग गरी परम्परागत रूपबाट निर्माण गरिएका ती घरले धेरैलाई आकर्षित गर्ने गरेको पाइन्थ्यो। उतिबेला गाउँमा यातायातको पहुँच पुगिसकेको थिएन। जब सडक विस्तार भएर गाउँमा यातायातका साधन पुग्न थाले तब रड र सिमेण्टको प्रयोग गरी गाउँमा पक्की घर निर्माणको क्रम बढेको स्थानीय बूढापाकाको भनाइ छ। बेनी नगरपालिका-२ बगरफाँट, मालिका गाउँपालिका-७ विम, रघुगङ्गा गाउँपालिका-६ पाखापानीलगायतका विभिन्न बस्तीमा पाँच वर्ष अगाडिसम्म गाउँका अधिकांश घर ढुङ्गा र केही खरले छाइएका थिए। अहिले ती बस्तीमा पुग्दा भने सिमेन्टेड पक्की घर र विभिन्न रङ्गका जस्तापाताले छाएका घर रङ्गीचङ्गी देखिन्छन्। कमेरो र रातोमाटोले पोतिएका घर कम पाइन्छ। गाउँमा सडक आएपछि गाउँलेले सहर बजारियाले जस्तो सिकेर परम्परागत घरलाई भत्काएर नयाँस्वरुपमा बनाउन थालेको बगरफाँटका बेदप्रसाद उपाध्यायले बताउनुभयो।

उपाध्यायले भन्नुभयो, "डेढदशक अगाडिसम्म गाउँमा धेरै जसो घर ढुङ्गा र खरले छाएका थिए, गाडी आउने बाटो थिएन, अहिले ती सबै घर लोप भइसके।" बेनी नगरपालिका-४ सिङ्गामा पनि करिब एक दशक अगाडिसम्म ढुङ्गे घर टन्नै थिए। अहिले ढुङ्गाका घरले भएका ठाउँहरुमा ठूलाठूला कङ्क्रिटका घर ठडिएका छन्। सडक सिङ्गामा नपुग्दा धेरैको घर ढुङ्गाले नै छाएको भए पनि अहिले धेरैजसोले पक्की भवन बनाउन थालेको स्थानीय केशव पौडेलले बताउनुभयो। उहाँले गाउँमा सडक आएपछि धेरै मानिसले बजारबाट सहज रूपमा घर निर्माण गर्ने सामान ल्याउन सक्ने भएपछि ठूलाठूला भवन बनाउन थालेको बताउनुभयो। पौडेलले यहाँका धेरैजसो मानिस विदेश भएको हुँदा उनीहरुले गाउँमा परम्परागत घर र ढुङ्गाको घर विस्थापित गरी पक्की घर बनाउन थालेको जानकारी दिनुभयो। विदेशमा कमाएको पैसा म्याग्दीमा धेरैजसो अनुत्पादक क्षेत्रमा नै खर्च हुने गरेको बैंक तथा वित्तीय संस्थाको तथ्याङ्क छ। सहरी तथा भवन निर्माण आयोजना कार्यालय म्याग्दीका अनुसार मानिस सजग र सचेत हुँदै गएको हुँदा नयाँनयाँ प्रविधि प्रयोग गरेर घर तथा भवन निर्माण गर्न थालेका छन्। परम्परागत घर भूकम्पीय दृष्टिकोणले केही जोखिम हुने भन्दै नागरिकले सचेतता अपनाएर पक्की भवन बनाउन थालेको बताइएको छ।

# स्वदेशी उत्पादनको प्रवर्द्धनबाटै आर्थिक समृद्धि सम्भव : मुख्यमन्त्री अधिकारी

पोखरापत्र संवाददाता

पर्वत, २१ माघ


गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले स्वदेशी उत्पादनकोप्रवर्द्धनर बजारीकरणबाट मात्र आर्थिक समृद्धि हासिल गर्न सकिने बताउनुभएको छ।

पर्वतको सदरमुकाम कुश्माबजारमा सञ्चालित सातौं पर्वत महोत्सवको समापनका अवसरमा बोल्दै मुख्यमन्त्री अधिकारीले आयातित वस्तुको बिक्री वितरणले मुलुक समृद्ध हुन नसक्ने बताउँदै गण्डकी प्रदेश सरकारले स्थानीय उत्पादनको बजारीकरणलाई प्राथमिकता दिने बताउनुभएको छ। उहाँले गण्डकी प्रदेशका ११ वटै जिल्लामा कृषि, लघुउद्यम तथा वनजन्य उद्योगबाट उत्पादित वस्तुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउनका लागि प्रदेशले विशेष योजना बनाउने बताउनुभयो।

अहिले आर्थिक सङ्कटले चौतर्फी क्षेत्र समस्यामा परेको बताउँदै उहाँले फजुल खर्च रोकेर मितव्ययीता अपनाउन निजी क्षेत्रलाई सचेत गराउनुभयो। आफूले मन्त्रालयको सङ्ख्या घटाएर खर्च कम गर्न थालेको बताउँदै उद्योग, पर्यटन तथा कृषि क्षेत्रको विकास र विस्तारबाट समृद्धि हासिल गर्न सकिने बताउनुभयो। उहाँ मेला-महोत्सवमा विदेशी वस्तुको व्यापारलाई भन्दा स्थानीय उद्यमी तथा कृषकले उत्पादन गरेका वस्तुको व्यापारलाई जोड दिनसमेत उहाँले आग्रह गर्नुभयो। महोत्सव माघ ११ देखि सुरु भएको थियो। महोत्सवमा आयोजित सबै प्रतियोगिताका विजेतालाई मुख्यमन्त्री अधिकारीबाट पुरस्कार वितरण गरिएको थियो। महोत्सवमा झण्डै रू पाँच करोडको कारोबार भएको आयोजकको अनुमान छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः १९९६/११/०४ गते

स्वर्गारोहणः २०७९/१०/१० गते

स्व. ईन्द्र बहादुर धिताल खत्री

**हाम्रा शुभचिन्तक भक्त बहादुर धिताल खत्री, किर्ति बहादुर धिताल खत्री र होम बहादुर धिताल खत्रीका पुज्नीय पिता ईन्द्र बहादुर धिताल खत्रीको ८३ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**रेसम गुरुङ / टुक माया गुरुङ**
**रोशनी इलेक्ट्रिकल / दिया बिजुली पसल परिवार**
**पोखरा १३, गौडकोमुख**